परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ ३ मा ...

**एमालेबाट निर्वाचित रौतहट मौलापुरकी मेयर रिना साह पदमुक्त**

•वर्ष २ •अंक १३७ •२०८० कार्तीक १ गते बुधबार • (18-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com

## मधेश प्रदेशको नीति तथा योजना आयोगको सदस्यमा डा. साह नियुक्त



■ टक नेपाल

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको सदस्यमा डा. सोहन साहलाई नियुक्त गरेको छ। गत असोज १६ गते बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले उनलाई सदस्यमा नियुक्त गर्ने निर्णय गरेको हो । मधेश प्रदेश नीति आयोगको गठन तथा कार्य सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम आयोगको सदस्यमा नियुक्त गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव दिनेशकुमार घिमिरेले जानकारी दिए । करिब एक दशकदेखि अध्ययन अनुसन्धानको क्षेत्रमा काम गर्दै आएका डा. साह भारतको जवाहर लाल नेहरु विश्वविद्यालयबाट विद्यावारिधी गरेका हुन् ।

## झिझिया खेल्ने क्रममा युवकको पेट दुखेपछि मूर्ति बनाउने परिवारमाथि बोक्सी भन्दै कुटपिट, तीन घाईते

■ टक नेपाल



जनकपुरधाम । दशैंमा तराई मधेशमा खेलिने झिझियाको क्रममा एक युवकलाई पेट दुखे पछि मूर्ति बनाउने परिवारमाथि सामुहिक कुटपिट गरिएको छ । पूर्वी धनुषाको कमला नगर पालिका वडा नं. २ सराबे टोल (साबिक माचि झिटकैया वडा नं.८) स्थित बनाईएको दुर्गाको प्रतीमास्थित झिझिया खेल्ने क्रममा एक युवकलाई पेट दुखेपछि मूर्ति बनाउने परिवार माथि बोक्सीको आरोप लगाउँदै सामुहिक कुटपिट गरिएको हो । सराबे चौकस्थित स्थानीय रामबाबु मण्डलले भाकल अनुसार दुर्गाको प्रतिमा निर्माण गरेका छन् । दशैं चढेलगत्तै सो गाउँका किशोरी, युवति, महिलाहरुले झिझिया खेल्न आउने क्रममा सोही स्थान बस्ने स्थानीय जिवचन मण्डलका १७ बर्षिय छोरा रितिक मण्डल समेत झिझिया खेलेका थिए । झिझिया केही बरे खेलेपछि उनको अचानक पेट दुखेको प्रत्यदर्शीहरुले जनाएको छ । पेट दुख्न थालेपछि उनलाई अस्पताल लग्नुको साटो धामी झाँक्री बोलाएर ठिक गर्न लगाएका थिए । उनलाई पानी खुवाएपछि र टाउकोमा पानी हालेपछि तत्कालै उनी निको भए तर, रितिकका आमाबुवा र आफन्तहरुले बोक्सीको सँज्ञा दिँदै मूर्ति बनाएका रामबाबु मण्डलको घर परिवारमाथि एकाबिहानै कुटपिट गरेको हो । नातीको पेट दुखेपछि आक्रोसित जिवचन मण्डलका घर परिवार लाई सोही ठाउँका केही अन्य समुदायका व्यक्तिहरुले कान फुके पछि मारपिटमा उत्रेको बताईएको छ । रामबाबु मण्डलको घरमा आएका पाहुनाहरुलाई जिवचन, उनका छोरा र उनकी श्रीमति मिलेर कुटपिट गरेपछि दुई तर्फा झडप भएको थियो । घर पसेर कुटपिट गर्न थालेपछि रामबाबु मण्डलको परिवारले प्रतिकार गर्दा तीन जना घाईते भएको हो । झगडाको क्रममा रामबाबु मण्डललाई टाउकोमा बाँसको भाटा प्रहार गरिएको छ भने उनकै तर्फबाट शँकर मण्डललाई समेत चोट लागेको हो । झगडाको क्रममा जिवचन मण्डल पनि घाईते भएका छन् । उनलाई टाउकोमा गम्भिर चोट लागेको छ । उनको टाउकोमा पाँचवटा टाँका लगाईएको छ। ६५ बर्षिय जिवचन रितिकका हजुरवुवा हुन्। सोही क्रममा जिवचनकै तर्फबाट उनका छोरा कमलेश मण्डललाई नाकमा गम्भिर चोट लागेको हो । उनको नाकबाट अझै र गत नरोकिएको बताईएको छ । मूति बनाएका रामबाबु मण्डलको परिवार नै आफ्नो नातीलाई बोक्सी गरिदिएको भन्दै जिवचन मण्डलको परिवारले उनीहरुलाई कुटपिट गरेको बताईएको छ । यता, जिवचन पक्षले रामबाबु मण्डलका घर परिवारले नै आफूहरुलाई कुटेको दाबी गर्छन्। तर, गाउँलेहरुले भने जिवचन घर पसेर झगडा गरेपछि दुईतर्फा झडप भएको बताएको हो । रामबाबु मण्डल र जिवचन मण्डल दुवै दियाद हुन् । झिझिया खेल्ने क्रममा भएको विवादलाई लिएर दुईतर्फा झगडा भएपछि दुवै तर्फबाट मानिसहरु घाईते भएका छन् ।

आजको PDF अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।










## ....सम्पादकीय

### यात्रु मारमा नपरुन्

खासगरी काठमाडौं उपत्यका सहित तराई मधेसका जिल्लाबाट दशैं मान्न घर जानेहरुको भीड बढ्न थालेको छ। अग्रिम टिकट बुकिङ गरेसँगै उपत्यका छाड्नेको संख्या बढ्न थालेको हो।यो क्रम घटस्थापनादेखि तीव्र छ। तर सडकको दूरावस्थाको कारण सडकमार्गको यात्रा अत्यन्तै कठिन बनेको छ। उपत्यकाबाट बाहिरिने अधिकांश सवारीसाधनलाई तोकिएको दूरी पार गर्न घण्टौं लाग्ने गरेको छ। नारायणगढ-मुग्लिङ, नारायणगढ-बुटवल सडकखण्डको दाउन्ने, बुटवल-पाल्पा, बीपी राजमार्ग, अरनिको राजमार्ग, काठमाडौंदेखि दक्षिणकाली, फाखेल लगायत अधिकांश सडकमा सवारी दुर्घटनाको जोखिम बढेको छ।केही दिनअघि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र भौतिक योजना तथा यातायात मन्त्री प्रकाश ज्वालाले दशैंअघि सबै राजमार्गको सडक मर्मत गर्न, खाल्डाखुल्डी पुर्न सडक विभागलाई निर्देशन दिएका थिए। निर्देशन हालसम्म पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन।त्यसो त ट्राफिक प्रहरीले यो वर्ष भन्डैं २५ लाख जनसंख्याले उपत्यका छाड्ने आँकलन गरेको छ। दशैंमा घर जानेको संख्या बढेसँगै राजमार्गको दयनीय अवस्था देखेर व्यवसायी दिक्क छन्। हरेक दशैंमा जोखिमपूर्ण सडकको तत्काल मर्मत गर्नुपर्ने विषय उठ्ने गरेको छ। तर सरकार सधैं मुकदर्शक बनेको छ। यात्रा सहज बनाउन सरकारले ठोस कदम चाल्नुपर्छ। उपत्यका छाड्नेले यो वर्षमात्र होइन वर्षौंदेखि सुरक्षित यात्रा गर्न सकेका छैनन्।सरकारले यस विषयमा न चासो देखाएको छ, न त सडकमार्गलाई सुविधाजनक बनाउन पहल गरेको छ। हरेक वर्षको दशैं-तिहारमा सडक मर्मतको कुरा उठ्छ तर चाडबाड सकिएपछि एक वर्षसम्म चुइँक्क बोलिँदैन। अनि बाराको राजमार्ग क्षेत्रमा पनि यो समस्या छ। बाराका राजमार्गहरुमा यात्रा गर्ने यात्रुहरुको पनि समस्याका विषयमा सोच्न आवश्यक छ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# आपतविपतमा प्रहरीले खेल्ने सहयोगी भूमिका महत्वपूर्ण छ : मुख्यमन्त्री यादव

■ टक नेपाल

जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपाल प्रहरीलाई जनतालाई शान्ति सुरक्षाको प्रत्यक्ष अनुभूति हुनेगरी कामकाज गर्न निर्देशन दिएका छन्। ६८ औं प्रहरी दिवसको अवसरमा मंगलबार प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशले जनकपुरधाममा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले नेपाली जनताको प्रहरीप्रतिको भरोसा र विश्वासलाई कायम राखी प्रहरीले इमान्दारितापुर्वक काम गर्नुपर्ने बताए। विगतमा मधेश प्रदेशमा आएको बाढी पहिरो सहितका आपतविपतमा प्रहरीले खेलेको महत्वपूणर् सहयोगी भूमिकाको प्रशंसा गर्दै मुख्यमन्त्री यादवले आपतविपतको समयका लागि सदैव तयार भएर बस्नुपर्ने बताए। उनले अपराधीले अपराध गर्दा विभिन्नखालका आधुनिक प्रविधिको प्रयोग गर्ने गरिएको भन्दै प्रहरी अनुसन्धानका लागि प्रहरीलाई प्रविधिसँगको पहुँच बढाउनु पर्नेमा जोड दिए। उनले प्रदेशमा शान्ति र अमनचयन कायम गर्न प्रदेश सरकारको क्षमताले भ्याए जतिको सहयोग गर्न प्रदेश सरकार तयार भएको बताए। उनले भने, "प्रहरीको काम एकदम गाह्रो छ। चाडपर्वको



समयमा सबै विदामा रहेका बेला पनि नागरिकको सुरक्षाका लागि प्रहरी अहोरात्र खटिरहेको हुन्छ। निस्वार्थ सेवा गर्ने प्रहरी जवानलाई सलाम छ।" मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहमद समीमले नेपालको संविधान र कानुनको परिधिमा रहेर मुस्कान सहितको सेवा दिन नेपाल प्रहरीलाई निर्देशन दिए। उनले कामकाजका वेला विभिन्नखालका दवाव आउन सक्ने भन्दै कसैको दवाव प्रभावमा नपरी नेपाल प्रहरीले इमान्दारितापूर्वक काम गर्नुपर्ने बताए। प्रदेश प्रहरी प्रमुख एवम प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले नेपाल प्रहरीको गौरवशाली इतिहासबारेमा जानकारी दिंदै विविध आरोह अवरोहबीच कर्तव्यपथमा सहिद भएका प्रहरीप्रति श्रद्धाञ्जलि एवम् परिवारजनमा समवेदना व्यक्त गरे। सहिद प्रहरीका परिवारलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो। कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साह, प्रमुख सचिव दिनेश घिमिरेसहित सुरक्षा निकायका उच्च सुरक्षा अधिकारीको उपस्थिति थियो। सो अवसरमा क्षीरेश्वरनाथ नगरपालिका स्थित ईलाका प्रहरी कार्यालयका इन्चार्ज प्रहरी निरिक्षक दिपक कार्की लाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कारले सम्मानित भएका छन्।







## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिजज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। | तुला | कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारमा अलमलिनुपर्ला। |
| बृष | पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। | वृश्चिक | दिगो योजनाका लागि ऋण लिने समय छ। |
| मिथुन | बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। | धनु | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। |
| कर्कट | निर्णायक मोडमा दुविधा उत्पन्न हुने हुँदा विशेष सजगता अपनाउनुहोला। | मकर | कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। |
| सिंह | सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुनेछन्। | कुम्भ | फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। |
| कन्या | प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। | मीन | अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

# एमालेबाट निर्वाचित रौतहट मौलापुरकी मेयर रिना साह पदमुक्त

■ टक नेपाल



वीरगञ्ज । रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिना साह पदमुक्त भएकी छुन्। मेयरमा निर्वाचित भएर दल त्याग गरे पछि साह पदमुक्त भएकी हुन् । निर्वाचन आयोगले गोरखापत्रमा सूचना प्रकाशन गरेर मेयर साहको पद रिक्त भएको जानकारी दिएको छ । मंगलबार प्रकाशित सूचना अनुसा ०७९ साल वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट उम्मेदवार भइ नगर पालिकाको मेयरमा जितेकी साह दल परित्याग गरी अन्य दलमा गएकोले पदमुक्त भएकी हुन् । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (१) र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलको तर्फबाट संवत् २०७९ सालको स्थानीय तहको निर्वाचनमा निर्वाचित भएको आयोगले जनाएको छ । पार्टी त्याग गरेको र अन्य पार्टीको सदस्यता लिएको भनी एमालेको केन्द्रीय समितिको निर्णयको प्रतिलिपिसहित आयोगमा जानकारी प्राप्त भएपछि राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ को उपनियम (२) बमोजिम निज निर्वाचित भएको पद रिक्त भएको जनाएको छ । साह आम जनता पार्टीका अध्यक्ष प्रभु साहकी पत्नी हुन् ।

# एम्बुलेन्समा गाँजा ओसारपसार गर्ने चालक प्रहरी नियन्त्रणमा

■ टक नेपाल

बारा । जिल्ला प्रहरी कार्यालय बाराले दुई किलो पाँच सय ग्राम गाँजासहित भारतीय एम्बुलेन्स र चालकलाई नियन्त्रणमा लिएको छ । सवारी चेक जाँचका क्रममा बिरामी बोक्न प्रयोग हुने एम्बुलेन्समा साढे २ किलो गाँजा भेटिएपछि प्रहरीले एम्बुलेन्स र चालकलाई नियन्त्रणमा लिएको हो । सो गाँजा, एम्बुलेन्स र चालकलाई मंगलबार प्रहरीले पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ । गत शुक्रबार महागढीमाई नगर पालिकाको गंजभवानीपुरबाट गाजा ओसारपसारमा संलग्न एम्बुलेन्सका चालक भारतीय नागरिक ३२ वर्षीय रामविश्वास पासवान र बीआर ०५ पिबि ५५२३ नं को भारतीय एम्बुलेन्स प्रहरीले नियन्त्रणमा लिएको बाराका प्रहरी उपरीक्षक सुरेश प्रसाद काफ्लेले जनाएका छन् ।




# शैक्षिक गुणस्तर सुधारका लागि सर्लाहीमा ..................

यस किसिमको मेलाहरुको आयोजना गर्दा विद्यालयको शैक्षिक वातावरण सुधार हुनुका साथै शिक्षकहरुको शिक्षण र विद्यार्थीहरुको सिकाइमा पनि सुधार आउने प्रधानाध्यापक राम प्रकाश महतोको भनाइ छ। पढाइ मेलाले विद्यार्थीहरुको बाहिरी ज्ञान र सिकाइलाई एक अर्कामा आदान प्रदान गर्ने अवसर प्रदान गरेकोले विद्यार्थीहरुको पढाइ प्रति रुचि बढाउन यस्ता मेलाहरु विद्यालय पिच्छे कम्तिमा वर्षको २ पटक आयोजना गर्न उनले आयोजकलाई सुझाव दिए। सेभ द चिल्ड्रेनको आर्थिक सहयोग तथा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र मलंगवाको साझेदारीमा गोडैता नगरपालिकामा संचालित समुन्नति परियोजना अन्तर्गत मेलाकोआयोजना गरिएको केन्द्रका शिक्षा अधिकृत मिश्रले जनाएको छ। मेला अवलोकन गर्न आएका विद्यार्थीहरु मात्र नभइ शिक्षक,अभिभावक र स्थानीयहरु पनि निकै उत्साहित देखिएका थिए ।

# स्रोत नखुलेको ८ लाख रुपैयाँसहित दुई महिला पक्राउ



■ टक नेपाल

जनकपुरधाम। सप्तरी प्रहरीले स्रोत नखुलेको करिब ८ लाख रुपैयाँसहित दुई महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको अग्निसाइर कृष्णसवरण नगरपालिका-२ बस्ने २७ वर्षीया सीमा भन्ने सागर कुमारी चौधरी र सिरहाको लहान नगर पालिका-१ बस्ने २६ वर्षीया चन्दा चौधरी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। पूर्व-पश्चिम राजमार्गस्थित रुपनी नगरपालिका-१ खाडो पुलमा विशेष सूचनाको आधारमा दुवैजनालाई पक्राउ गरिएको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिए । प्रहरीले प्र १-००-४८ प ३० ९० नम्बरको स्कुटर चेकजाँच गर्दा स्कुटरको डिकीमा झोलाभित्र लुकाइछिपाइ राखेको श्रोत नखुलेको ७ लाख ५० हजार र चालक सागर कुमारी चौधरीले लगाएकी ज्याकेटको खल्तिबाट ३६ हजार ५ सय रुपैयाँ गरी ७ लाख ८६ हजार ५ सय बरामद गरेको प्रवक्ता न्यौपानेले बताए । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।













# शैक्षिक गुणस्तर सुधारका लागि सर्लाहीमा पहिलोपटक पढाइ मेला



■ टक नेपाल

सर्लाही । बालबालिकाहरुको शैक्षिक गुणस्तर सुधारको लागि सर्लाही जिल्ला मै पहिलोपटक पढाइ मेलाको आयोजना गरिएको छ । बालबालिकाका शिक्षण सिकाइ, पाठ्य सामाग्री तथा अन्य शैक्षिक क्रियाकलापहरुलाई सुधार गर्ने उदेश्यका साथ जिल्लाको गोडैता नगरपालिका वडा न-५ स्थित श्रीमती सरस्वतीदेवी कुशवाहा सामुदायिक आधारभुत विद्यालय रामबनमा पहिलो पटक पढाई मेलाको आयोजना गरिएको हो। विद्यालयमा जस्तै घरमा पनि बालबालिकाहरुलाई पढ्ने वातावरण तयार गर्नका लागि परिवार र समुदायलाई सहयोग पुर्याउने लक्ष्यका साथ मेलाको आयोजना गरिएको राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्रका शिक्षा अधिकृत निरज कुमार मिश्रले जानकारी दिए। यस किसिमको मेलाबाट बालबालिकाहरुमा पढाइको वातारण सृजना गर्न, गराउन, शैक्षिक सामग्री निमार्ण प्रयोग गर्न, गराउन, शिक्षण सिकाइ क्रियाकलापहरु ब्यवस्थापन तथा संचालन गर्न सहयोग पुर्याउनुका साथै विद्यार्थीहरुको शारिरीक, मानसिक, संवेगात्मक विकास एवं सुधार गर्न मद्दत पुग्ने मिश्रले बताए। यसले आधारभूत तहका विधार्थीहरुमा पढाइको साथसाथै लवाइ खुवाइ, व्यक्तिगत सरसफाइ, सिकाई र सिप विकासमा समेत महत्वपुर्ण भूमिका खेल्ने उनले बताए । श्रीमति सरस्वतीदेवी कुशवाहा आधारभुत विद्यालयको प्रांगणमा भएको मेलामा विद्यार्थीहरुले नै निर्माण गरेका विभिन्न किसिमका शिक्षण सामाग्रीहरु प्रदर्शनमा राखिएको थियो।यस बाहेक फुड स्टल,कृषि उत्पादन स्टल, खेलकुद सामाग्री स्टल र किशोर किशोरी मैत्री हेल्थ डेक्स राखिएको थियो। मेलामा आएका विद्यार्थी तथा स्थानीयहरुको मनोरञ्जनका लागि सांस्कृतिक कार्यक्रम र खेलकुद प्रतियोगिताको पनि आयोजना गरिएको थियो। मेला हेर्न पुगेका दर्शकहरुलाई प्रदर्शनीमा राखिएका सामाग्रीहरुको बारेमा समेत जानकारी गराइएको थियो।

बाँकी पृष्ठ ३ मा

# गौशालामा जिल्ला स्तरीय नकआउट क्रिकेट टुर्नामेन्ट हुँदै



■ बिबेक कुमार महतो

गौशाला । महोत्तरीको गौशालामा जिल्ला स्तरीय नकआउट क्रिकेट टुर्नामेन्ट बुधबारबाट शुरु हुने भएको छ । गौशाला नगरपालिका वडा नम्बर १० स्थित रहेको खेल मैदानमा कार्तिक १ गते देखि उषा ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि.को आयोजना र गौशाला नगरपालिका साथै विभिन्न संघ संस्था, खेल प्रेमीहरुको विशेष सहयोगमा जिल्ला स्तरीय नकआउट क्रिकेट टुर्नामेन्ट हुन लागेको हो । नेपालीहरुको महान चाड दशैं, दिपावली तथा छठको शुभ अवसरमा आयोजित खेल कार्तिक १ गते देखि १० गते सम्म संचालन हुने खेलमा ३२ टिम सहभागि हुने खेलको उद्धाटन प्रमुख अतिथि गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतो साथै विशिष्ट अतिथि जसपा नेपालका नगर अध्यक्ष कुमरकान्त झाले गर्ने आयोजक संस्थाका सञ्चालक ई.संजित कुमार महतोले जनाएको छ । टुर्नामेन्टमा प्रथम स्थान ल्याउने टिमलाई ५० हजार रुपैयाँ र सिल्ड साथै प्रमाण पत्र त्यस्तै द्रोस्रो स्थान ल्याउने टिमलाई ३० हजार रुपैयाँ र सिल्ड साथै प्रमाण पत्र दिईने आयोजक टिमले जनाएको छ ।










"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com